प्रस्ताव नं. २. काठमाडौं महानगरपालिका सामाजिक विकास विभागबाट आ.व. २०७९/०८० को लागि पेश हुन आएको दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृति प्राप्त भएको मिति: २०७९/०७/२९

१) बिषयको संक्षिप्त व्यहोरा : काठमाडौं महानगरपालिका आर्थिक सहायता निर्देशिका,२०७६ खारेज गरी सो को बदलामा लागु भएको विकास सहायता कार्यविधि, २०७८ कों परिच्छेद ८ विविध को दफा १९ अनुसार यस कार्यविधि बमोजिमको सामाजिक विकास कार्यक्रम संचालन गर्न तथा अमूर्त सम्पदाहरु जात्रा पर्व संचालन गर्न प्रत्येक आर्थिक वर्षका लागि कार्यपालिकाबाट दररेट स्वीकृत गर्नु पर्नेछ भन्ने ब्यबस्था रहेको छ । सो अनुसार आर्थिक वर्ष २०७९/८० का लागि दररेट तयार गरी पेश गर्न मिति २०७९/०५/२१ गते बसेको सामाजिकसमितिको निर्णय अनुसार आर्थिक वर्ष २०७९/८० को दररेट सम्बन्धित विभागसंग छलफल गररे पेश गर्न सामाजिक विकास विभागलाइ निर्देशन भएकोमा सामाजिक विकास विभागबाट जन स्वास्थ्य बिभाग र सम्पदा तथा पर्यटन बिभागसँग समन्वय गरी पेश गरिएको दररेट मिति २०७९/०६/०५ गते वसेको सामाजिक समितिबाट आवश्यक परिमार्जन सहित पारित गरी स्वीकृतिको लागि नागर कार्यपालिकामा पेश गर्ने निर्णय भएकोले यसैसाथ संलग्न अनुसारको दररेट स्वीकृत हुन पेश गरिएको छ ।

२) प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा : साविकमा काठमाडौं महानगरपालिकामा कायम रहेको आर्थिक सहायता निर्देशिका, २०७६ खारेज गरी सो को बदलामा लागु गरिएको विकास सहायता कार्यविधि, २०७८ को परिच्छेद ८ विविध को दफा १९ अनुसार सामाजिक विकास कार्यक्रम संचालन गर्न तथा अमूर्त सम्पदाहरु जात्रा पर्व संचालन गर्न प्रत्येक आर्थिक वर्षका लागि कार्यपालिकाबाट दररेट स्वीकृत गर्नु पर्नेछ भन्ने प्राबधान बमोजिम आर्थिक वर्ष २०७९/८० को दररेट स्वीकृत हुन पेश गरिएको ।

३) प्रस्ताव पेश गर्नुपर्नाको कारण र सम्बन्धित विभागको राय: आर्थिक सहायता निर्देशिका, २०७६ मा रहेका कतिपय प्रावधान लागू गर्न नसकिएको तथा खर्च गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको खर्च मापदण्ड अनुरुप खर्च गर्नुपर्ने तर काठमाडौं महानगरपालिकाले खर्च गर्नुपर्ने कतिपय शीर्षक खर्च मापदण्डमा समेटिन नसकेको हुँदा एक आर्थिक वर्षका लागि नगर कार्यपालिकाबाट दररेट स्वीकृत गरी लागू गर्नुपर्ने कार्यविधिमा ब्यबस्था भएकोले सो दररेट स्वीकृत हुनुपर्ने यस विभागको राय पेश गरिएको छ ।

४) निर्णय हुनु पर्ने व्यहोरा : काठमाडौं महानगरपालिका, सामाजिक बिकास विभागबाट तयार गरी पेश हुन आएको आर्थिक वर्ष २०७९/८० को तपशिल बमोजिमको दररेट स्वीकृत गर्ने ।

तपशिल

| सि.नं. | खर्च विवरण | एकाई | खर्चको सिमा |
|---|---|---|---|
| १ | सम्बन्धित संस्थाको कार्यक्रममा योगदान (लागत सहभागिता) | | |
| | नेपाल सरकारवाट प्राप्त अनुदानको हकमा | | कूल लागतको १५ प्रतिशत |
| | कामपाको आन्तरिक श्रोतवाट प्राप्त कार्यक्रम सहायताको हकमा | | कूल लागतको २० प्रतिशत |
| २ | अनुदान प्राप्त गर्ने संस्थाले गर्न पाउने प्रशासनिक खर्च कोसीमा | | कूल लागतको अधिकतम |

निर्णय प्रतिलिपी प्रमाणित

| | | | |
|---|---|---|---|
| | (खर्च सम्बन्धित कार्यसँग सम्बन्धित हुनुपर्ने ) | | २० प्रतिशत |
| ३ | प्रशिक्षण भत्ता ( अभिमूखीकरण तालिम, गोष्ठी, सचेतनामूलक तालिममा कार्यपत्र सहित कक्षा लिने प्रशिक्षकहरुलाई ) | प्रति कक्षा | रु १,६००/- |
| ४ | यातायात भत्ता (सार्वजनिक पदमा रहि सवारी साधान नपाउने बाह्य श्रोत व्यक्ति मात्र दिइने, अन्तरिक संस्थाको प्रशिक्षकले नपाउने) | प्रति दिन | रु १,०००/- |
| ५ | कार्यक्रम संयोजक १ जनालाई मात्र भुक्तानी हुने : १५ दिनभन्दा कम अवधिको कार्यक्रमका लागि ) | प्रति दिन | रु ५००/- |
| ६ | कार्यक्रम संयोजक (१५ दिन भन्दा बढि ३० दिनसम्म अवधिको तालिमका लागि ) | प्रति दिन | रु २५०/- |
| ७ | कार्यक्रम संयोजक (३० दिन भन्दा लामो समयको तालिमका लागि ) | प्रति दिन | रु,१२५/- |
| ८ | कार्यक्रम सहयोगी (१ दिनको कार्यक्रममा १ जना ) | प्रति दिन | रु ३००/- |
| ९ | कार्यक्रम सहयोगी (१ दिनभन्दा बढि अवधिको तालिमका लागि ) २ जना | प्रति दिन | रु ३००/- |
| १० | सहभागी यातायात | प्रति दिन | रु २००/- ( कर सहित ) |
| ११ | चिया तथा खाजा | प्रतिदिन / प्रतिव्यक्ति | रु ३००/- |
| १२ | खाना | प्रति व्यक्ति / प्रति दिन | रु ५००/- |
| १३ | सहभागी स्टेसनरी | प्रति सहभागी | रु १५० /- |
| १४ | उद्घाटन, समापन | प्रति तालिम | रु २,०००/- |
| १५ | प्रस्ताव लेखन | प्रति तालिम / कार्यक्रम | रु १,५००/- |
| १६ | प्रतिबेदन लेखन( १ दिनको लागि ) | प्रति तालिम | रु १,०००/- |
| १७ | प्रतिबेदन लेखन ( १ हप्ता सम्म ) | प्रति तालिम | रु १,५००/- |
| १८ | प्रतिबेदन लेखन ( १ हप्ता भन्दा बढि समयको लागि ) | प्रति तालिम | रु २,५००/- |
| १९ | कार्यक्रमको ब्यानर | प्रति तालिम | रु १,०००/- |
| २० | तालिमको अनुगमन खर्च (प्रति वैठक खर्च प्रति व्यक्ति) | प्रति व्यक्ति | रु १,०००/- |
| २१ | बिबिध खर्च ( फोटो, पानी, फोटोकपि, खादा, माला, मायाको चिनो ) | प्रति तालिम | रु ५,०००/- |
| २२ | प्रमाणपत्र छपाई | प्रति प्रमाणपत्र | रु १५०/- |
| २३ | हलभाडा (१० प्रतिशत कर सम्बन्धित वडा कार्यालयमा बुझाएको प्रमाण पेश गर्नुपर्ने) | | बिल अनुसार |
| २४ | सिप विकास तालिमका प्रशिक्षकलाई एक दिनमा बढीमा दैनिक २ वटा सेसनको पारिश्रमिक भुक्तानी दिने )<br><br>कच्चा पदार्थको प्रयोग हुनेमा तालिमको प्रकृती हेरी प्रति दिन प्रति व्यक्ति बढीमा रु २००/- वा सामान खरीद गरिएको बिल अनुसार रकम जुन कम हुन्छ सोही अनुसार भुक्तानी हुने | प्रति कक्षा<br>प्रति कक्षा<br>प्रति सहभागी/ प्रति दिन | ७,००/-<br>३५०/-<br>तालिमको प्रकृती हेरी |

निर्णय प्रतिलिपी प्रमाणित

| | | | |
|---|---|---|---|
| | | | रु २०० सम्म |
| २५ | प्रशिक्षार्थी आवास (करार सम्झौतामा उल्लेख हुनुपर्ने ) | | दैनिक भ्रमण भत्ता नियम अनुसार |
| २६ | धातुकला, प्रस्तरकला, काष्ठकला, माटोको भाँडा, र बाजा बनाउने जस्ता मौलिक तथा परम्परागत सिप प्रबर्दन गर्ने किसिमका तालिमका प्रशिक्षकलाई एक दिनमा बढीमा दैनिक २ वटा सेसनको पारिश्रमिक भुक्तानी दिने ।<br>प्रतिकक्षा र कार्यपत्र बापत रु १६००/-<br>यातायात( प्रति दिन) रु ५००/-<br>कच्चा पदार्थको प्रयोग हुनेमा तालिमको प्रकृती हेरी सामन खरीद गर्दाको बिल अनुसारको रकम भूक्तानी दिइने | | |
| २७ | तालिम सामग्री (नमूना, सानातिना औजार खरीद वा भाडामा लिनु परेमा एकमुष्ट ) | प्रति तालिम | बढीमा रु ३,०००/- |
| २८ | खेलकुद तर्फ : | | |
| २९ | खेलाडी, प्रशिक्षक, अफिसियल र व्यवस्थापकलाइ ट्रयांकसुट, जुत्ता, मोजा खरीद) | प्रति व्यक्ति | रु ४,५००/- |
| ३० | खेलमा सहभागी हुन बाहिर जिल्लाबाट काठमाडौं आउने खेलाडीलाई | प्रति दिन खान बस्न | रु १,४००/- |
| ३१ | रेफ्री पारिश्रमिक | प्रतिदिन / प्रति शिफ्ट | रु ३,०००/- |
| ३२ | खेलकुदको लागि स्वयमसेवक राखुपरेमा सम्बन्धित पदाधिकारीबाट निर्णय गराई (प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काममा लगाउँदाको दररेट अनुसार हुने गरी ) | प्रति दिन | रु ५८०/- |
| ३३ | राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता संचालनको लागि (खादा, माला, पदक, मायाको चिनो, फोटो आदि )। | प्रति कार्यक्रम | रु १०,०००/- |
| ३४ | सामग्री खरीद ( कार्यक्रम संचालन गर्ने संघसंस्थाले सामग्री खरीद गर्नुपर्ने भएमा सार्वजनिक खरिद ऐनले तोकेबमोजिमको खरीद प्रकिया पुरागरी गर्नु पर्नेछ । ) | प्रचलित कानून अनुसार | प्रचलित कानूनको रित नपुगेका प्रस्ताव नलिने |
| ३५ | अध्ययन अनुसन्धान कार्यमा नियुक्त गरी काममा लगाउँदा नेपाल सरकार अधिकृतस्तर सातौं तहका कर्मचारीले पाएको तलबको बढीमा २.५ गुणासम्म निजले हासिल गरेको शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रमा हासिल गरेको अनुभवको आधारमा निम्नअनुसार भुक्तानी गर्न सकिने<br>टोलि नेतालाई - बढीमा २.५ गुणासम्म<br>अन्य विशेषज्ञ - बढीमा २ गुणासम्म<br>सहायकको हकमा नेपाल सरकारको नायब सुब्बा वा सहायकस्तर पाचौं तहको बढीमा - १.५ गुणासम्म | | |

प्रतिलिपि प्रमाणित

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | बाजा खरीद<br>(तोकिएको स्पेसिफीकेसनको आधारमा बजार दररेट लिएर किफायती दरमा खरीद गर्नुपर्ने ।) | | |
| ३७ | परम्परागत भेषभूषा<br>(तोकिएको स्पेसिफीकेसनको आधारमा बजार दररेट लिएर किफायती दरमा खरीद वा भाडामा लिएर प्रयोगमा ल्याउन सकिने ।) | | |
| ३८ | औषधि खरीद र उपकरण<br>(तोकिएको स्पेसिफीकेसनको आधारमा बजार दररेट लिएर खरीद गर्नुपर्ने<br>र सामान खरीद गर्दा बजार दररेटका आधारमा तोकिएको प्रकिया पुर्याई खरिद गर्नुपर्ने वा कुनै निश्चित कामका लागि सामग्री भाडामा लिएर संचालन गर्न सकिने भएमा भाडामा लिएर कार्यक्रम संचालन गर्नुपर्ने | | |
| ३९ | कार्यक्रम स्थलको ब्यबस्थापन :<br>कुनै विशेष प्रयोजनका लागि काठमाडौं महानगरपालिका वा अन्य निकायबाट कार्यक्रमस्थलको व्यवस्थापन गर्न ( पाल, कुर्सि, टेबल, मंच निर्माण, लाइट तथा साउण्ड सिस्टम ) आदिको ब्यबस्थापन गर्नु परेमा सार्वजनिक खरीद ऐन २०६३ बमोजिमको प्रकिया पुरा गरी सेवा खरीद गर्नुपर्ने | | |
| ४० | विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टर्नसिप तथा ओजेटी गर्न आउनेहरुलाई विभागको सिफारिसमा हाँजिर भएको दिनको यातायात तथा खाजा खर्च वापत | दैनिक | ३००/- |
| ४१ | पुजा तथा प्रसाद ग्रहण खर्च : उपस्थितिको आधारमा (प्रति व्यक्ति)<br>समय़बजी : रु ३००/-<br>भ्वय् : रु ५००/<br>पुजा सामग्री खरीद गर्दा सकेसम्म किफायती दरमा खरीद गर्नुपर्नेछ । | | |
| ४२ | औषधी ढुवानी गर्दा<br>चालक<br>लोड / अनलोड | <br>प्रति दिन<br>प्रति दिन | <br>रु ८००/-<br>रु ६००/- |
| ४३ | औषधी प्याकिङ्ग<br>कर्मचारी<br>कार्यालय सहयोगी<br>खाजा खर्च | <br>प्रति दिन<br>प्रति दिन<br>प्रति दिन | <br>रु १,०००/-<br>रु ४५०/-<br>रु २००/- |
| ४४ | स्वास्थ्य शिविर संचालन<br>बिशेषज्ञ डाक्टर<br>अन्य डाक्टर | <br><br>प्रति दिन | <br><br>रु ३,०००/- |

प्रतिलिपी प्रमाणित

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | स्वास्थ्यकर्मी : | प्रति दिन | रु २,०००/- |
| | अनुगमनकर्ता | प्रति दिन | रु १,२००/- |
| | कार्यालय सहयोगी/ स्वयमसेविका | प्रति दिन | रु २,०००/- |
| | | प्रति दिन | रु ५००/- |

द्रष्टब्य : माथि प्रकरणमा नसमेटिएका शीर्षकहरुमा खर्च गर्नुपरेमा प्रचलित दररेटका आधारमा कानूनको रित पुर्याई खर्च गर्नुपर्नेछ ।

........................
दीपक अधिकारी
विभागीय प्रमुख
सामाजिक बिकास बिभाग

निर्णय प्रतिलिपि प्रमाणित

मिति: २०७९/७/१८

CS Scanned with CamScanner